## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)

## गुणस्तर सुनिश्चितता परिक्षणको लागि आशय पत्र पेश गर्ने सूचना एवं कार्यविवरण

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बचत तथा ऋण सहकारी संघ संस्थाहरुको शिर्ष संघ हो । हाल यस संघमा ४६०० भन्दा बढी सदस्य संस्थाहरु आवद्ध रहेका छन । यस संघद्धारा सञ्चालित गुणस्तर सुनिश्चितता परीक्षणका लागि विज्ञ समुह आवश्यक परेकोले देहायको योग्यता प्राप्त गरेका लेखा परीक्षक फर्महरुबाट तपशिलको न्यूनतम शर्तनामाहरुभित्र रहि वित्तीय एवं प्राविधिक आशयपत्र सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रको कार्यालय समयभित्र आईपुग्ने गरि पेश गर्न यो सूचना जारी गरिएको छ ।

### १. फर्म वा व्यक्तिको योग्यता

क) आन्तरिक लेखापरीक्षण गर्ने फर्म स्थापना भएको कम्तिमा ३ वर्ष भएको ।

ख) कम्तिमा १ जना चार्टड एकाउन्टेन्टको नेतृत्वमा कम्तिमा ५ जना परीक्षक कर्मचारी भएको ।

ग) सहकारी क्षेत्रको लेखापरीक्षणको अनुभव सहित कम्तिमा २ वर्ष लेखापरीक्षण गरेको अनुभव

घ) पछिल्लो वर्ष ICAN बाट स्वीकृत पत्र नविकरण गराएको ।

ङ) आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र

### २. गुणस्तर सुनिश्चितता परीक्षणको दायरा :

संघले जारी गरेको गुणस्तर सुनिश्चितताको कार्यक्रम पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम Program for Building Absolute & Professionalization को गुणस्तर अनुपालन परीक्षण Quality Compliance Audit Manual 2022 को दायरा बमोजिम सुपरिवेक्षकीय मूल्याकंन गर्नुपर्नेछ ।

जस अर्न्तगत देहायको विषयहरुको परीक्षण गरि प्रतिवेदन पेश गर्नुपर्नेछ ।

क) पर्ल्सको २८ वटा सूचकहरुको अवस्था र यसको शुद्धता जाँच

ख) सदस्य केन्द्रीयता सूचकांक

ग) संस्थागत विकास र जोखिम व्यवस्थापनको अवस्था

घ) व्यवस्थापन कार्यकुशलता तथा सक्षमता

ङ) सुशासन र जवाफदेहिताको अवस्था

च) कानुनी अनुपालनाको अवस्था

**३. परीक्षण समय र विधि :**

क) परीक्षणमा जानुपूर्व छनौट भएको फर्मले को कसलाई परीक्षकको रुपमा पठाउने हो, निजको परीक्षकको योग्यता सम्बन्धि कागजात उपलब्ध गराउनुपर्दछ । तोकिएको परीक्षकहरु संघको पत्र लिई तोकिएको संस्थामा जानुपर्नेछ ।

ख) एक संस्थामा कम्तिमा १ जना चार्टड एकाउन्टेन्ट र १ जना सहायक कर्मचारी गरि २ जना जानुपर्नेछ ।

ग) अन्तिम परीक्षणमा जानुपूर्व संघको गुणस्तर सुनिश्चितता कार्यक्रम हेर्ने अधिकृतले पेश गरेको सुपरिवेक्षकीय मूल्याकंन प्रतिवेदन, वित्तीय विवरणहरु अध्ययन गरी जोखिमको क्षेत्रहरु पहिचान गरिएको हुनुपर्दछ ।

घ) परीक्षण समय वार्षिक १ पटक भौतिक रुपमा संस्थामा नै गई १ अर्ब माथिको वासलात भएको संस्थाको लागि आतेजाते समय बाहेक २ कार्यदिन स्थलगत अन्वेषण गर्नुपर्नेछ भने प्रतिवेदन तयारीको लागि १ दिनको समय निर्धारण गरिएको छ । १ अर्बभन्दा कम वासलात भएको संस्थाको लागि १.५ कार्यदिन र

ङ) परीक्षण गर्नुपर्ने समय सामान्यतः कार्तिक र मंसिर महिनामा हुनेछ । कार्य जिम्मेवारी प्राप्त गरेको ३० दिनभित्रमा अन्तिम परीक्षण प्रतिवेदन पेश गरिसक्नुपर्नेछ ।

च) परीक्षण पश्चात परीक्षण प्रतिवेदन गुणस्तर सुनिश्चितता प्राविधिक परामर्श समितिलाई हस्तान्तरण गर्नुपर्नेछ । आवश्यकता अनुसार प्रतिवेदनको बिफ्रिङ गर्नुपर्नेछ ।

**४. परीक्षणको लागि जानुपर्ने क्षेत्र** : नेपालभर जुनसकै जिल्ला वा स्थान हुन सक्नेछ ।

**५. गुणस्तर परीक्षण गर्ने फर्मको मूल्याकंन :**

क) न्यूनतम योग्यता पुरा गरेका प्रस्तावहरुलाई मात्र मूल्याकंनको लागि समावेश गरिनेछ ।

ख) योग्यता पुगेका सि.ए. फर्महरुको अनुभव, परीक्षण गर्ने कर्मचारी संख्या समेतलाई मध्यनजर गरी कम मूल्य तोकी आर्थिक प्रस्ताव पेश गर्ने फर्मलाई छनौटको प्राथमिकता दिईनेछ ।

**६. केन्द्रीय संघले बहन गर्ने दायित्व :**

क) छनौट भएको फर्मलाई साकोसको कारोबार रकम अनुसारको कार्यदिन, रिपोर्ट लेखनको कार्यदिनको आधारमा स्वीकृत दर अनुसारको रकम कार्यसम्पन्न भई प्रतिवेदन पेश भएको १५ दिनभित्रमा भुक्तानी गरिनेछ ।

ख) हवाई यातायात एवं अन्य स्थानीय यातायात वास्तविक खर्चको आधारमा उपलब्ध गराईनेछ ।

ग) दैनिक भ्रमण आवासको रकम संघको नियमानुसार अधिकृत तहको लागि स्विकृत भएको दररेट अनुसार उपलब्ध गराईनेछ । हाल संघको नियमानुसार प्रतिव्यक्ति प्रतिदिन रु. तीन हजार रहेको छ ।

घ) सम्झौता भएको फर्मबाट प्रस्तावित परीक्षकलाई गुणस्तर परिक्षणको म्यानुअल सम्बन्धमा संघले तोकेको स्थानमा १ दिनको अभिमुखीकरणक गरिनेछ । परीक्षणमा जाने परीक्षक अनिवार्य सहभागी हुनुपर्नेछ । गुणस्तर परीक्षण निर्देशिका संघबाट प्राप्त गर्न सकिनेछ ।

**७. प्रस्तावपत्र पेश गर्ने ठेगाना र तरिका :**

**आशयपत्र पेश गर्ने ठेगाना :**

सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र प्राविधिक एवं वित्तीय आशयपत्र छुट्टाछुट्टै खामबन्दी गरि गरि पेश गर्नुपर्नेछ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नयाँ बानेश्वर काठमाण्डौं

पो.ब.नं : ९१६९, केन्द्रीय कार्यालय, प्रशासन विभाग

वित्तीय प्रस्ताव :

| **१ अर्ब भन्दा माथि वासलात भएको संस्थाको लागि प्रति संस्था** | | |
|---|---|---|
| कार्य | दर | रकम |
| २ कार्यदिन स्थलगत अन्वेषण | | |
| १ कार्यदिन रिपोर्ट तयारी | | |
| **१ अर्बभन्दा कम वासलात भएको संस्थाको लागि प्रति संस्था** | | |
| १.५ कार्यदिन स्थलगत अन्वेषण | | |
| १ कार्यदिन रिपोर्ट तयारी | | |

**प्राविधिक आशयपत्र :**

| क.सं | क्षेत्र |
|---|---|
| १ | सूचनामा तोकिएको योग्यता पुरा गरेको सम्बन्धमा । |
| २ | जनशक्तिको उपलब्धता सक्षमता । |
| ३ | अनुभव सम्बन्धी विवरणहरु । |
| ४ | अन्य थप विवरणहरु |

**८. संघमा पेश भएका आशयपत्रहरु पूर्व सूचना दिई वा नदिई रद्ध गर्ने अधिकार संघलाई रहनेछ ।**